# आ.व. २०८२।०८३ का लागि सिद्ध कुमाख गाउँ सभाको १७ औं अधिवेशनमा प्रस्तुत

## वार्षिक नीति तथा कार्यक्रम

प्रस्तुतकर्ता :- अध्यक्ष भरत गिरी

२०८२ आषाढ ०७ गते

सिद्ध कुमाख गाउँपालिका

ढोरचौर सल्यान

कर्णाली प्रदेश नेपाल

यस सभाका उपाध्यक्ष, सचिव तथा सभा सदस्यज्यूहरु,

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण ऐतिहासिक संघर्षबाट प्राप्त संविधानसभाबाट घोषणा भएको नेपालको संविधानले व्यवस्था गरेको संघीय शासन प्रणालीको अवधारणा अनुरुप गठित सिद्ध कुमाख गाँउपालिकाको १७ औं गाँउसभा समक्ष आर्थिक वर्ष २०८२/०८३ वार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस विशिष्ट अवसरमा सिद्ध कुमाख गाउँपालिकाको गरिमामय गाउँसभा समक्ष आगामी आर्थिक बर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्नुपुर्व म प्रजातन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशीता र समाजिक न्यायको लागि भएका विभिन्न आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. सिद्ध कुमाख गाँउपालिकाले समावेशी, दिगो र उच्च आर्थिक बृद्धि हासिल गर्दै आर्थिक, समाजिक रुपान्तरण र समाजिक न्याय कायम गर्न शिक्षा, स्वास्थ्य, कृषि उत्पादन र रोजगार, जीवनस्तरमा रुपान्तरण र दिगो पूर्वाधार भन्ने मुल ध्येयका साथ आगामी आर्थिक वर्ष २०८२/०८३ को वजेट तथा कार्यक्रम तर्जुमा गरिने छ । अबको हाम्रो गन्तव्य गरिवी निवारणका लागि आर्थिक समृद्धि, सुशासन, सामाजिक समावेशीकरण, समावेशी विकास, सामाजिक न्याय सहितको आयको समान वितरण तर्फ हुनु जरुरी छ । यस्तो महत्वपूर्ण घडिमा हुन गईरहेको गाउँ सभाको शुभारम्भ सत्रमा सबै महानुभावहरुमा आभार व्यक्त गर्न चाहन्छु । समृद्ध गाउँपालिका बनाउने दिशामा केन्द्रित भइ अव म यस गाँउसभा समक्ष सिद्ध कुमाख गाँउपालिकाको विनियोजन विधेयक, २०८२ मा समावेश हुने वजेट तथा कार्यक्रमका सिद्धान्तहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४. नेपालको संविधानले निर्दिष्ट गरेको लोक कल्याणकारी राज्यको अवधारणा, नागरिकको मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तहरु, समाजवाद उन्मुख अर्थतन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अनुरुप संघ, प्रदेश र स्थानीय तह वीचको सहअस्तित्व, सहकारीता र समन्वय, सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा सामाजिक न्याय सहितको आर्थिक विकास र समृद्धिलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको सिद्धान्तको रुपमा अंगिकार गरिने छ ।

५. वर्तमान युग सूचना प्रविधिको युग हो । सूचना प्रविधिको यथेष्ट उपयोगबाट आज कैंयौ मुलकका साथै हाम्रै देशका स्थानीय सरकारले उल्लेख्य प्रगती हासिल गरिसकेका छन् । यस परिप्रेक्ष्यमा अबको हाम्रो विकास सूचना र तथ्यांकको विश्लेषण र अनुसन्धानमा आधारित रहेर हुनु पर्दछ । यसका लागि गाउँपालिकाको भूगोल, जनसंख्या, प्राकृतिक स्रोत साधन, संस्कृति, क्षमता र सम्भावनाहरुको तथ्यगत विवरण तयार गरी दुरुस्त राख्ने तर्फ हाम्रो ध्यान जानु पर्दछ ।

६. सिद्ध कुमाख गाउँपालिकाको आन्तरिक आय वृद्धिका संवाहक कृषि, उद्योग, पर्यटन, जलस्रोत, बहाल विटौलि,व्यापार व्यवसाय जस्ता क्षेत्रहरुको सही उपयोग नै हो । सार्वजनिक, नीजि र सहकारी क्षेत्रको

समेत यस क्षेत्रमा लगानी केन्द्रित गराउनु हामी सबैको उतिकै दायित्व छ । यसका लागि सम्बन्धित पक्षलाई प्रेरित गर्न सक्नु पर्दछ । गाउँलाई कृषिमा आत्मनिर्भर बनाउन, किसानका समस्या सम्बोधन गर्न तथा कृषि उत्पादनलाई बढावा दिन हरेक वडामा कृषि तथा पशु सेवा प्राविधिक खटाइएको छ । कृषि तथा पशुपालनको व्यवसायीकरण र बजारीकरणका लागि पकेट क्षेत्र घोषणा गरी सो क्षेत्रमा लगानी बढाउनु जरुरी छ

७. पर्यटन उद्योग मार्फत गाउँपालिकाको आम्दानी वृद्धि गर्नका लागि ऐतिहासिक महत्वका मठमन्दिर, भाषा र संस्कृतिको संरक्षण सम्वर्धन गर्नुका साथै शहरीकरणका लागि आवश्यक पूर्वाधारको क्रमश : व्यवस्थापन तथा निर्माणगर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, इन्टरनेट र वैंकिङ्ग क्षेत्रमा गाउँपालिका वासीको सहज पहुँचमा महत्व दिनु आवश्यक रहेको छ ।

८. स्थानीय सरकार आम जनताको चुल्होको सरकार हो । यही मूलमर्मलाई ध्यानमा राखी अशक्त अपाङ्ग एवम् जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ता उहाँहरुकै वडा वडामा वितरण गरिदै आएको छ । यसै गरेर जेष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य परीक्षण एवम् औषधि उपचारको ब्यवस्था गरिएको छ । ग्रामीण अल्ट्रासाउण्ड सबै वडामा संचालन गरिएको छ ।

९. बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, नेपाल सरकारको सोह्रौ पञ्चवर्षीय योजना, दीगो विकास लक्ष्यहरु, कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, सिद्ध कुमाख गाँउपालिकाको १५ वर्षे बृहत गुरुयोजना, सिद्धकुमाख गाउँपालिकाको १० वर्षे शिक्षा योजना, सिद्ध कुमाख गाउँपालिकाको दोस्रो पञ्चवर्षिय आवधिक योजना, गाउँपालिका अन्रतगतका विभिन्न विषयगत समिति, शाखा तथा इकाइहरुले तयार गरेका योजनाहरु, स्थानीय सरकार संचालन ऐन २०७४, समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालिन राष्ट्रिय आकांक्षा, समृद्ध कर्णाली सुखारी कर्णालीबासी भन्ने प्रदेश सरकारको अपेक्षा, सिद्ध कुमाख गाउँपालिकाको मध्यकालिन खर्च संरचना र सिद्ध कुमाखबासी आमाबुवा तथा दाजुभाइ दिदीबहिनीहरुको आवश्यकता र चाहनालाई समेत ध्यानमा राखि मुख्य आधारको रुपमा लिइने छ ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।**

## क) शिक्षा

१. सिद्ध कुमाख गाउँपालिकाको आवधिक शिक्षा योजना (२०८१-२०८७) लाई साकार पार्न आगामी आर्थिक वर्ष २०८२/८३ मा शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी शैक्षिक गुणस्तर सुदृढीकरणका सबै आयामहरु तथा आम सरोकारवाला क्षेत्रलाई परिचालन एवं सशक्तिकरण गर्न लगानी बृद्धि गरिनेछ । यसका लागि यो वर्षलाई **"प्रबिधिमैत्री कक्षा, गुणस्तरीय शिक्षा"** भन्ने मुल नाराका साथ **"शैक्षिक जागरण अभियान वर्ष २०८२/८३"** घोषणा गरिनेछ।

२. शैक्षिक सुदृढीकरण कार्यक्रम अन्तर्गत प्रत्येक विद्यालयको स्थलगत अध्ययन गरी आवश्यकताका आधारमा कक्षाकोठामा फर्निचर, रङरोगन, इन्टरनेट, कम्प्युटर, ल्यापटप,स्मार्ट बोर्ड, सोलार लगायतका ICT सामाग्री व्यावस्थापन गरिनेछ ।

३. नेपालको संविधान द्धारा निर्दिष्ट गरिएको शिक्षा सम्बन्धी मौलिक हकहरुलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न विद्यार्थीबाट विभिन्न बाहाना तथा योजनामा शुल्क उठउने कार्यलाई निरुत्साहित गरी कक्षा १० सम्म विद्यालयमा लाग्ने सम्पुर्ण शैक्षिक व्यवस्थापकीय खर्च गाउँपालिकाबाट व्यवस्था मिलाइनेछ ।

४. शिक्षामा सबैको पहुँच र सहभागिता अभिवृद्धिका लागि विपन्न ,दलित र अपाङगता भएका बालवालिकाहरुका लागि बिशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

५. खेलकुद क्षेत्रलाई सिद्ध कुमाख गाउँपालिकाको पहिचानको रुपमा स्थापित गर्दै अध्यक्षकप र पालिका तथा जिल्ला स्तरिय रनिङ शिल्ड प्रतियोगिता जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिई थप व्यवस्थित गरिनेछ।

६. शैक्षिक गुणस्तर सुदृढीकरणका लागि कानुनी, नितिगत, संस्थागत तथा व्यवस्थापकीय पक्षको सुधारलाई जोड दिइनेछ ।

७. नवप्रर्वद्धन, खोज, अनुसन्धानमा आधारित शिक्षण सिकाइ र अतिरिक्त क्रियाकलाप तथा पठन क्षमता पहिचान प्रतियोगिता एबं शैक्षिक सामाग्री प्रदर्शनी मेला लगायतका कार्यक्रमहरु मार्फत वालवालिकाको सर्वाङगीण विकासमा जोड दिइनेछ।

८. विद्यालय वाहिर रहेका , विपन्न, असहाय र जोखिममा रहेका वालवालिकाहरुका लागि लक्षित कार्यक्रम तय गरी विद्यालय शिक्षाको पहुँचमा अभिवृद्धि गरिनेछ।

९. विद्यालय शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन परीक्षा प्रणालीलाई व्यवस्थित गर्दै आधारभुत तह कक्षा ५ र ८ को वाह्य परीक्षा पालिका द्वारा सञ्चालन गरिनेछ ।

१०. विद्यालय तहको शिक्षालाई थप सुधारका लागि अनुगमन र सुपरीबेक्षणमा जोड दिइनेछ । प्र. अ./ शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिहरुलाई क्षमता विकास तालिम तथा अन्तर्क्रियात्मक कार्यक्रमहरु मार्फत प्रोत्साहका अवसरहरु प्रदान गरिनेछ ।

११. शिक्षक दरबन्दी कम भएका विद्यालयमा गा.पा. अनुदान शिक्षक व्यवस्थापन तथा बालविकास सहजकर्ता, कार्यालय सहायक र कार्यालय सहयोगीलाई गाउँपालिकाबाट थप्दै आएको सेवा सुविधालाई न्यायोचित ढंगले समायोजन तथा व्यवस्थापन गरिनेछ ।

१२. एस.इ.इ मा सहभागी विद्यार्थीहरुका लागि सीपमुलक तालिमका साथै कक्षा ५ , ८ र १० मा उत्कृष्ट नतिजा प्राप्त गर्ने १/१ जनालाई नगद पुरस्कार द्वारा सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३. विद्यालयको शैक्षिक गतिविधि संचालनको मुख्य मार्गदर्शकको रुपमा शैक्षिक क्यालेण्डरलाई लिइनेछ र साथै बालमैत्री बसाइ तथा गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापमा प्रोत्साहन गर्दै दण्डरहित शिक्षा कार्यान्वयनमा जोड दिइनेछ ।

ख) स्वास्थ्यः

१४. विद्यालयमा अध्ययनरत र विद्यालय बाहिर रहेका किशोरीहरुको पोषणको अवस्था पत्तालगाई रक्तअल्पता रोकथाम गर्न हेमोग्लोबिन तथा रक्त समूह परीक्षण कार्यक्रम संचालन गरिनेछ ।

१५. **पोषणयुक्त खाना खाऔं, सशक्त पुस्ता बनाऔं भन्ने नाराका साथ** सुनौला १००० दिनका आमा र बालबालिकाहरुको पोषण अवस्था सुधार गर्न र सकारात्मक व्यवहार परिवर्तनको लागि सबै १००० दिने अध्यक्ष सर्वोत्तम पोषण पिठो तथा उपाध्यक्ष पोषण कोशेली प्रदान गरिनेछ ।

१६. **नागरिकको स्वास्थ्य नै सबै भन्दा ठूलो धन हो** भन्ने मूल ध्ययका साथ स्वास्थ्यमा पहुच अभिबृद्धिका लागी विपन्न, दलित तथा कम आय भएका व्यक्तिलाई प्राथमिकता दिइ स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।

१७. बढदै गरेको दिर्घ वा नसर्ने रोगहरु सम्बन्धि नागरिक सचेत बनाउ भन्ने अभियान अन्तगत टोल टोलमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१८. विद्यालयहरुमा बालबालिकाहरुको तौल, उचाइ मापन गरी पोषणको अवस्था पत्ता लगाउन र आवश्यक परामर्शको लागि पोषण लेखाजोखा शिविर संचालन गरिनेछ ।

१९. पालिकाको शान, जेष्ठ नागरिकको सम्मान भन्ने मूल उद्देश्यका साथ जेष्ठ नागरिकाहरुको स्वस्थ र दिर्घायु जीवन रक्षाको लागि घरदैलो उपचार कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

२०. महिला स्वास्थ्य स्वयंम सेविका प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । यसको लागि यातायात तथा संचार खर्चको व्यवस्था गरिनेछ ।

२१. प्रयोगशालाको लागि किट तथा रिएजेन्ट व्यवस्था गरिनेछ ।बर्थिंग सेन्टर व्यवस्थापन लाई प्राथमिकतामा राखिनेछ ।

२२. २ वर्ष मुनिका बालबालिकाहरु मध्ये १८ पटक भन्दा बढि तौल लिने बालबालिका हरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२३. अति आवश्यक औषधि तथा समाग्रिको व्यवस्था गरी नागरिकहरुलाई निशुल्क स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ ।

२४. स्वास्थ्य सूचना प्रणालीलाई गुणस्तरीय बनाई गाउँपालिकाको स्वास्थ्य सम्बन्धि नीति, योजना र रणनीति विकास गर्न प्रभावकारी उपयोग गरिने छ ।

२५. आकस्मिक स्वास्थ्य सेवामा टेवा पुर्याउन एम्बुलेन्स सेवालाइ प्रभावकारी बनाइने छ ।

२६. गर्भवती भेला कार्यक्रम संचालन गरी स्वास्थ्य, पोषण तथा आवश्यक पूर्वतयारीको सुनिश्चितता गरिनेछ र तथा स्वास्थ्य कर्मीहरुलाई परिचालन गरिनेछ ।

**ग) कृषि सहकारी तथा पशुपन्छी**

२७. गाउँपालिकाले स्थानीय स्तरमा कृषकहरूको उत्पादन क्षमता अभिवृद्धि गर्न, खाद्य सुरक्षालाई सुदृढ गर्न तथा कृषिमा आधारित आत्मनिर्भरता स्थापना गर्न कृषि विकास सम्बन्धी नीति अवलम्बन गर्नेछ।

२८. गाउँपालिकाले रासायनिक मल र विषादीको प्रयोग घटाएर प्राङ्गारिक उत्पादनलाई प्राथमिकता दिने र प्राङ्गारिक खेती गर्ने कृषकहरूलाई बीउ, मल, तालिम तथा उपकरणमा अनुदान दिनेछ।

२९. उच्च उत्पादकत्वयुक्त तरकारी बालीको खाध्यान्न ,बीउ बिजन र उन्नत जातका फलफुलका बिरुवाहरू अनुदानमा वितरण गरिनेछ, जसले उत्पादन वृद्धि र आत्मनिर्भरता हासिल गर्न मद्दत पुर्‍याउनेछ।

३०. कृषिमा प्रविधिको प्रयोग बढाउन साना कृषि उपकरणहरू अनुदानमा वितरण गरिनेछ।

३१. आकस्मिक बाली संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३२. कृषकहरुको खाद्य सुरक्षा तथा पोषण सुधार गर्न र रैथाने बालीको संरक्षणले **पर्यावरण, अर्थतन्त्र, स्वास्थ्य, संस्कृति, र जलवायु अनुकूलन**मा सकारात्मक प्रभाव पार्नका लागि आवश्यक कार्यक्रम गरिनेछ।

३३. बाली उत्पादनमा माटोको गुणस्तर महत्वपूर्ण हुने भएकाले माटो परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ र माटोको स्वस्थ अवस्था सुधार गर्न आवश्यक कार्यक्रम गरिनेछ।

३४. नतिजा प्रदर्शन कार्यक्रम मार्फत कृषकहरूलाई नयाँ कृषि प्रविधि, आधुनिक विधि र उत्पादनका सफल उदाहरणहरू देखाइनेछ जसले कृषकहरूको क्षमता अभिवृद्धि गर्नेछ।

३५. सिद्धकुमाख गाउपालिकालाई दुध र मासुमा आत्मनिर्भर बनाउन पशुपंक्षी व्यवसायलाई प्रोत्साहन गरीनेछ। उत्पादनका आधारमा अनुदान, कृषक क्षमता अभिबृधि गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिने छ ।

३६. सिद्ध कुमाख गाउँपालिकाले पशुपंक्षिहरुको महामारी रोग बिरुद्धको खोप तथा प्राथमिक उपचार सेवा निःशुल्क उपलब्ध गराउने ब्यवस्था मिलाईने छ ।

३७. पशु सेवा प्राविधिक जनशक्ति प्रत्यक वडालाई एक/एक जना ब्यबस्था गरिने छ, गोठ, खोरमा नै पुगी सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ।

३८. सबै वडाका विभिन्न स्थानहरुमा नियमित सेवा लिन नसकेका किसानहरुलाई घुम्ती पशु स्वास्थ्य शिबिर कार्यक्रमबाट सम्बोधन  गरिनेछ ।

३९. पशु विज्ञान विषयमा अध्ययनरत विद्यार्थीहरुलाई कृषकको घर/गोठमा नै सिकाई स्थलको रुपमा प्रयोग गर्नेगरी (On the Job Training) मा आवद्ध गरिनेछ।

४०. पशु वस्तुको नश्ल सुधारका लागि कृतिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ ।

४१. लोकल कुखुरा उत्पादन तथा प्रबर्धन कार्यक्रम संचालन  गर्न ब्यबसायिक तालिम तथा चल्ला बितरण गरिनेछ।

४२. रेबिज रोग नियन्त्रण गर्न निशुल्क खोप कार्यक्रम संचालन गरिने छ।

४३. बैदेशिक रोजगारबाट फर्केका युवा लक्षित पशुपालन कार्यक्रम संचालन गरिनेछ ।

## घ) लैंगिक समानता र सामाजिक समावेशीकरण

४४. बालमैत्री स्थानीय शासन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

४५. सामाजिक विभेदलाई न्यूनिकरण गर्न र समानुपातिक सहभागिताको लागि महिला पुरुष समविकास तालिम कार्यक्रम संचालन गरिनेछ ।

४६. महिलाहरुको प्रतिनिधित्व गर्ने अगुवा महिलाहरुको लागि नेतृत्व क्षमता विकास गर्न उद्घोषण तालिम प्रदान गरिनेछ ।

४७. बालविवाह न्युनिकरण तथा आत्माहत्या रोकथाम लगायतका सचेतनामूलक कार्यक्रममा बालक्लवका पदाधिकारी तथा बाल संजालकाका पदाधिकारीहरुलाई अभिमूखिकरण गरी सक्रिय सहभागि बनाइनेछ ।

४८. बाल प्रतिभा पहिचानको पहिचान गर्नको लागि बाल प्रतिभा सम्वन्धि कार्यक्रम संचालन गरिनेछ ।

४९. जातिय छुवाछुत विरुद्धको सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

५०. जेसी लेखा परीक्षण कार्यक्रम संचालन गरिनेछ ।

५१. किशोरीका लागि जिवनोपयोगी तथा आत्मारक्षा तालिम कार्यक्रम संचालन गरिनेछ ।

५२. जेष्ठ नागरिकहरुको सम्मान गरी पुराना पुस्ताका सिपलाई नयाँ पुस्तामा ल्याउनको लागि अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

**ङ) भौतिक पूर्वाधार विकास**

५४. उज्यालो सिद्ध कुमाख बनाउनको लागि विधुत नपुगेका टोल बस्तीहरुमा विधुत विस्तार कार्यलाई थप प्रभाकारी बनाइनेछ ।

५५. गाउँपालिकाका मुख्य सडकहरुको चौडाइ कम्तीमा ६ मिटर, कृषि सडकहरुको चौडाई ४ मिटर र गोरेटो बाटोको चौडाई २ मिटर हुनेगरी सडक तथा बाटो निर्माण गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

५६. सिद्ध ।

५७. ढोरचौर-फलाटे-छापडाडा सडकलाई स्थानीय गौरवको योजनाको रुपमा लिई स्तरोन्नती तथा कालोपत्रे गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

५८. गाउँपालिका भित्रका मुख्य सडकहरु ढोरचौर-कालालेख-चिनाली, दह-राम्री सडक, चाख्लिघाट-त्रिवेणी-गोलटाकुरी-कालालेख सडक, पटारे–कुकुरखोर सडक, उचाल्ने-खार्वन-सागिने सडकलाई निरन्तर मर्मत सम्भार गरी बाह्रै महिना गाडि चल्नेगरी स्तरोन्नती गरिनेछ ।

५९. विद्यालय भवनको अभावमा विद्यार्थीहरु जिर्ण भवनमा वसेर अध्ययन गर्दा शैक्षिक गुणस्तरमा समेत बाधा पर्ने कुरालाई मध्यनजर गर्दै जिर्ण अवस्थामा रहेका विद्यालयहरुलाई मर्मत तथा नयाँ भवन निर्माण गर्ने नीति लिइनेछ।

६०. सिद्ध कुमाख गाउँपालिका भित्रका पर्यटकीय स्थान पहिचान गरी प्रवर्धन गरिनेछ ।

६१. दिगो सिचाइ व्यवस्थापन गरी गाउँपालिकाको कृषि उत्पादनलाई विशेष जोड दिइनेछ ।

## च) वन, बातावरण र विपद

६२. यस गाउँपालिकाभित्र रहेका नदी तथा खोलाहरुको प्रारम्भिक वातावरणीय परीक्षण गरी नदिजन्य पदार्थहरुको उत्खनन, संकलन र विक्री वितरण गरी आन्तरिक राजस्व वृद्धि गरिनेछ ।

६३. हरियाली प्रवर्धन गर्नको लागि सामुदायिक विद्यालय र सार्वजनिक क्षेत्रहरुमा वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ ।

६४. बाढी, पहिरो तथा आगलागी लगायतका विपदको समयमा खोज उद्धार तथा सुचना संकलनको व्यवस्था मिलाईनेछ । पिडीतलाई कार्यविधिले निर्दिष्ट गरेको आधारमा राहत तथा आर्थिक सहायता उपलब्ध गराउने कार्यलाई निरन्तरता प्रदान गरिने छ।

७०. विपद व्यवस्थापन कार्यलाई उच्च प्रथामिकताका साथ लिनको लागि आवश्यक विपद सामाग्री व्यवस्थापन गरिनेछ।

## छ) खानेपानी तथा सरसफाइ

७१. सिद्ध कुमाख गाउँपालिकाको पालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता WASH Plan अनुसार फिनल्याण्ड सरकारसँगको साझेदारीमा गाउँपालिका भित्र आवश्यक सबै ठाउँमा खानेपानी तथा सरसफाइका कार्यक्रम वृहत रुपमा संचालन गरी सबै टोल वस्तीमा आधारभूत स्तरको खानेपानी तथा सरसफाइमा सम्पुर्ण जनताको पहुँच सुनिस्चित गराइनेछ ।

७२. संघिय खानेपानी आयोजनासँग गाउँपालिकाले साझेदारी गरी निर्माण भइरहेको वृहत सिद्ध कुमाख खानेपानी आयोजना सम्पन्न गरी सबै नागरीकलाई स्वच्छ खानेपानीको पहुँचमा ल्याइनेछ ।

७३. पूर्णसरसफाई को राष्ट्रिय कार्यक्रम सफल बनाउन पहिलो चरण अन्तर्गत बजार उन्मुख ढोरचौर बजार क्षेत्र लगाएत अन्य ठाउहरुमा बाताबरणीय सरसफाइका लागि होर्डिंग बोर्ड हरु राखिने छ ।

७४. उपभोक्ता हरुलाई शुद्ध पिउने पानीको प्रबन्ध गर्न पुरानो खानेपानीका योजनाहरु लाइ मर्मत गरि सुरक्षित गर्ने अथार्त पानी सुरक्षा योजनाहरु संचालन गरिनेछ ।

७५. खानेपानी योजना सञ्चालन गर्नुपूर्व खानेपानीको मुहान दर्ता,नबिकरण गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७६. खानेपानी उपभोक्ता समितिहरुलाई क्षमता बिकासका तालिमहरु प्रदान गरिने छ ।

७७. संचालनमा रहेका खानेपानी योजना हरुलाई सुरक्षित बनाउन उपभोक्ता हरु मध्ये बाट नै ग्रामिण मर्मत सम्भार कार्यकर्ता तालिम प्रदान गरि खानेपानी योजना हरुलाई दिगो रुपमा संचालन गर्ने ब्यबस्था गरिने छ ।

७८. आ.व. २०८२/८३ मा यस सिद्ध कुमाख गाउँपालिका अन्तर्गत दिगो खानेपानी तथा सरसफाइ परियोजना (SUSWA) मार्फत संचालन गरिने खानेपानी तथा सरसफाइ योजना तथा क्रियाकलापहरु संचालन गर्न निर्माण गरिएको समपुरक कोष (Matching Fund) लाई निरन्तरता प्रदान गरिनेछ।

७९. सामुदायिक बिद्यालय हरुको सरसफाइ र सबै बालबालिकाको समान र सहज पँहुचमा ध्यान दिदै बालमैत्री सौचालय निर्माणलाइ यसबर्ष पनि प्राथामिकता दीइने छ ।

## ज) लघु उद्यम विकास

८०. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ ।

८१. बजार सर्वेक्षण तथा श्रोत सम्भाव्यता अध्ययन गर्नुका साथै सहभागितात्मक ग्रामिण लेखाजोखा र घरधुरी सर्वेक्षण मार्फत सम्भाव्य लघु उद्यमीका रुपमा सहभागीहहरुको छनौट गरिनेछ ।

८२. लघु उद्यमी समुहको गठन तथा परिचालन गरी सम्भाव्य लघु उद्यमीलाई उद्यमशिलता तालिम प्रदान गरिनेछ ।

८३. उद्यमशिलता तालिम मार्फत व्यवसायको छनौट गरी व्यवसायको आधारमा सिप विकास तालिम प्रदान गरिनेछ र लघु उद्यमी र वित्तिय सेवा प्रदायकसँग अन्तक्रिया कार्यक्रम संचालन गरिनेछ ।

८४. उपयुक्त प्रविधिमा पहुँच तथा प्रविधि हस्तान्तरण गरिनुको साथै निःशुल्क व्यावसायिक परामर्श सेवा प्रदान गरिनेछ ।

८५. आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी तथा स्तरोन्नति तालिम प्रदान गरि व्यवसायिक रुपले लाग्न प्रोत्साहन गरिनेछ ।

## झ) बहुक्षेत्रिय पोषण कार्यक्रम

८६. कुपोषण पहिचानका लागी समुदाय स्तरमा पोषण लेखाजोखा कार्यक्रम गरिनेछ ।

८७. महिला, बालबालिकाको पोषणको अवस्था सुधार गर्न कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषण सुधारको अभियानलाइ तिव्रता प्रदान गरिनेछ ।

८८. पोषण सुधारको लागि पोषणमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक गृहकार्य गरिनेछ ।

८९. सुनौला हजार दिन विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन तथा सीपविकासको लागि कार्यक्रम संचालन गरिनेछ ।

९०. नेपाल सरकारको वहुक्षेत्रीय पोषण योजना तेस्रोले निर्धारण गरेका सूचक प्रासिमा सहयोग हुने गरी स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषणका अवस्था कमजोर रहेका बस्ती लक्षित पोषण सुधारका कार्यक्रमहरू संचालन गरिनेछ ।

९१. आमा समूह, किशोरी समूह, युवा क्लबहरू, विद्यालयहरुको सहकार्यमा पोषण सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९२.गर्भवती महिला तथा सुत्केरी आमा तथा शिशुको पोषणलाई ध्यान दिदै पोषण कोशेली कार्यक्रम संचालन गरिनेछ ।

९३.विद्यालय खाजामा स्थानीय रैथाने तथा उपलब्ध खाद्यन्नको उपयोग बढाउन विद्यालय र अभिभावकसँग सहकार्य गरिनेछ ।

९४.विद्यालय दिवा खाजालाई अझ व्यवस्थित र प्रभावकारी बनाउन नियमित अनुगमन गरिनेछ ।

९५.बालबालिका, महिला तथा जेष्ठ नागरिकको खाद्य तथा पोषण सुनिश्चितताका लागि करेसाबारी तथा घरबगैंचा निर्माणलाई अभियानमूलक बनाइनेछ ।

९६.रैथाने तथा स्थानीय बाली लगाएत मौलिक उत्पादनको प्रवर्द्धन तथा उपभोगमा जोड दिइनेछ ।

९७.पोषण सहजकर्ता, स्वास्थ्य स्वयंसेविका र स्थानीय स्वास्थ्यकर्मी मार्फत घरघरमा गई पोषणसम्बन्धी सचेतना गरिनेछ ।

९८.गर्भवती महिला, सुत्केरी, आमा र अभिभावकलाई लक्षित गरी व्यक्तिगत रूपमा व्यवहार परिवर्तनमा ध्यान दिने अभियानमूलक कार्यक्रम संचालन गरिनेछ ।

९९.नेपाल सरकारका नियमित पोषण लक्षित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समूदायसंग साझेदारी गरिनेछ ।

## ञ) सुशासन र सार्वजनिक सेवा तथा क्षमता विकास

१००.यस सिद्ध कुमाख गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्रि, जनमैत्रि, पारदर्शी र सुशासनयुक्त बनाउन कर्मचारीहरुको क्षमता अभिवृद्धि तथा आवश्यक कानुनी व्यवस्था समेत गरिनेछ।

१०१.नागरिकको सेवा प्रवाह सँग जोडिएका सुचनाहरु चुस्तदुरुस्त रुपमा कार्यतालिका अनुसार प्रकाशन गर्ने व्यवस्था मिलाइने छ ।

१०२. उच्च मनोवलका साथ शिक्षण सिकाइ क्रियालाप र सार्वजनिक सेवा प्रवाहमा गूणस्तर अभिवृद्धिका लागि गाउँपालिका अन्तर्गतका शिक्षक तथा कर्मचारीहरुलाई कार्यसम्पानमा आधारित प्रोत्साहन पद्धतीको विकास गर्न कार्यविधि बनाइ सम्मान गरिनेछ ।

१०३.स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन, LISA (Local Institutional Self Assesment) तथा स्थानीय तह वित्तिय सुशासन तथा जोखिम मुल्याङ्कन प्रणाली (FRA) र स्थानीय आर्थिक विकास मुल्यांकन प्रणाली (LED) लाई थप व्यवस्थित गरिनेछ।

१०४.स्थानीय स्तरमा उत्पन्न हुने द्वन्द र विवादलाइ न्यूनीकरण गर्न हरेक वडामा मेलमिलाप केन्द्र व्यवस्थित गरी सूचिकृत मेलमिलापकर्ताहरु द्वारा छिटो छरितो र सर्भसुलभ रुपमा न्यायिक निरुपन गराइनेछ ।

१०५.आगामी आ.वको बजेटमा पुँजीगत खर्च क्षमता बढाउने, चालु खर्च घटाउने तथा प्रशासनिक खर्च कटाउने नीतिलाई निरन्तरता दिइने छ ।

१०६.स्थानीय सरकार संचालन, योजना तर्जुमा लगायतका विषयमा निर्वाचित जनप्रतिनिधिहरुलाई क्षमता विकास सम्बन्धी तालिम संचालन गरिने छ ।

१०७. भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति लिई सार्वजनिक सेवा प्रवाहमा सर्वसुलभ, छरितो र प्रविधिमैत्री वनाइनेछ ।

१०८.आ.ब. २०८२/८३ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई संघीय सरकारले राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको रुपमा विस्तार गरिसकेको, गाउँपालिकामा पनि समावेशी आधारमा सामुदायिक आयोजनालाई अगाडि बढाउने थप प्रभावकारी ढंगबाट कार्यक्रमको कार्यान्वयन गरिने छ ।

१०९."**सिद्ध कुमाखको अभियान, श्रममा सवैको योगदान**" भन्ने नाराका साथ गाउँपालिका अन्तर्गतका जनप्रतिनिधि, कर्मचारीहरुबाट १ दिन अनिवार्य विकास निर्माण कार्यक्रममा श्रम गर्ने र स्वेच्छाले श्रम गर्ने प्रणालीलाई सुरुवात गर्ने नीति लिइनेछ ।

११०.वैदेशिक रोजगारबाट फर्किएकाहरुलाई उनीहरुको सिप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति बनाएर समन्वय गरिनेछ ।

१११.स्थानीय स्तरमा रोजगारको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यक्रमसँग भए सम्म श्रमशक्तिको प्रत्यक्ष प्रयोग गरी रोजगार सृजनासँग जोडिनेछ । बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारी सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । पालिकाभित्र उपलब्ध रोजगारी अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।

११२.संघ तथा प्रदेशले ल्याएका रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीको क्षेत्र विस्तार गरिनेछ ।

## ठ) गैर सरकारी संस्था

११३. गाउँपालिकाको विकास साझेदारको रुपमा आउने गैर सरकारी संस्थालाई कार्य सम्पादनको आधरमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।गैर सरकारी संस्थालाई गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम सँग आवद्ध गरी एकद्धार प्रणालीबाट लगिनेछ ।

११४. गैर सरकारी संस्थाले आफुले गर्ने काम बजेट लगायतका आवश्यक विवरण गाउँपालिकामा पेश गर्नु पर्ने, कार्य संचालन पुर्व स्वीकृति अनुमति लिनु पर्ने व्यवस्थाहरु रुपमा कार्यान्वयनमा ल्याइनुपर्ने नीतिलाई अङगिकार गरिनेछ ।

**यस सभाका उपाध्यक्ष, सचिव तथा सभा सदस्यज्यूहरु,**

यस गाउँपालिकाको आ.व. २०८२/८३को वार्षिक नीति र कार्यक्रमहरु  तयारीको क्रममा विभिन्न चरणमा आफ्नो अमूल्य सुझाव, सल्लाह र सहयोग गर्नुहुने गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख  प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, गाउँकार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, गाउँपालिकाका विभिन्न शाखाका प्रमुख लगायत कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न गैर सरकारी संस्थाका प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार मित्र तथा सुरक्षाकर्मी मित्रहरुहरु लगायत सिद्धकुमाख गाउँपालिकाका सम्पूर्ण जनसमुदायहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।